

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २८ गते बिहीबार ❑ 14 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कार्यान्वयनमुखी ऐन बनाउन विज्ञको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिमा छलफलमा रहेको गण्डकी प्रदेशमा बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई कार्यान्वयनमुखी बनाउनुपर्नेमा कृषि क्षेत्रका विज्ञले सुझाव दिएका छन् ।

बुधबार बसेको समितिको बैठकमा राष्ट्रिय बीउबिजन समितिका पूर्वसदस्य सचिव मदन थापाले उन्नत, सुलभ र गुणस्तरयुक्त बीउबिजन किसानलाई आपूर्ति गर्नेगरी ऐनमा नीतिगत व्यवस्था गर्नुपर्ने बताउनुभयो । "स्थानीय र रैथाने बालीको पनि संरक्षण र प्रवर्द्धन गर्नु आवश्यक छ", उहाँले भन्नुभयो, "बीउबिजनको उत्पादन, उपलब्धता र माग आपूर्तिको सुनिश्चिता गर्नुपर्छ ।" बीउबिजन संवदेनशील हुने हुँदा ऐन बनाउँदा सरोकार भएका पक्षसँग सघन छलफल गरेर मात्र निचोडमा पुग्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । सङ्घीय बीउबिजन ऐन बनिसकेकाले सोहीलाई मूल आधार मानेर प्रदेश सरकारले आफ्नो अनुकूलताको ऐन ल्याउनुपर्ने थापाले बताउनुभयो । बालीविज्ञ बेनीबहादुर बस्नेतले विधेयकमा घरायसी तथा व्यक्तिगत प्रयोजनका लागि मूल र स्रोत बीउबिजन उत्पादनमा लागि अनुभूति लिनुपर्ने व्यवस्था राख्न सुझाव दिनुभयो ।

"प्रदेश र या कुनै निश्चित क्षेत्रका लागि सिफारिस नगरिएका बीउका जात बेच्न नपाइने र कसैले बेचेको भेटिएमा जफत गर्न सकिने कानुनी प्रबन्ध गर्नुपर्छ", उहाँले भन्नुभयो, "बीउबिजनको विषय खाद्य सुरक्षाको सुनिश्चितासँग पनि जोडिएको विषय भएकाले यसमा सरकारको पनि विशेष ध्यान जानु आवश्यक छ ।" राष्ट्रिय बीउबिजन कम्पनीका पूर्वकेन्द्रीय अध्यक्ष बालकृष्ण गिरीले ऐनलाई चुस्त र व्यवहारिक बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले विधेयकले व्यवस्था गरेको प्रदेश बीउबिजन समितिको आकार घटाउन सुझाव दिनुभयो । विधेयकमा सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा ११ सदस्यीय समितिको व्यवस्था गरिएको छ । गिरीले बीउबिजनको भण्डारणको विषयलाई पनि ऐनमा प्रष्टरुपमा उल्लेख गर्नुपर्ने उल्लेख गर्नुभयो । "प्रदेशस्तरको बीउबिजन भण्डारण या बैंक चाहिन्छ, उत्पादनसँगै त्यसको भण्डारणको विषय पनि उत्तिकै महत्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो । बीउबिजन उत्पादनदेखि भण्डारणसम्मका काममा खटिने व्यक्तिलाई सीप र प्रशिक्षण दिनुपर्ने गिरीले बताउनुभयो । उहाँले स्थानीय तहस्तरमा सामुदायिक बीउबिजन बैंकको स्थापना गर्न सकिने सुझाव दिनुभयो ।

समितिका सदस्य विन्दुकुमार थापाले स्थानीय र रैथाने जातका बाली हराउन लागेको भन्दै तिनको संरक्षण गर्ने योजना ल्याउनुपर्ने उल्लेख गर्नुभयो । उहाँले कृषिपेसामा युवापुस्ताको आकर्षण बढाउन रोजगारी सिर्जनाको वातावरण बनाउनुपर्ने बताउनुभयो । कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज खड्काले कृषिको उत्पादकत्व बढाउन बीउबिजनको मुख्य भूमिका रहेको बताउनुभयो । उहाँले बीउबिजनमा देशलाई नै आत्मनिर्भर बनाउन कृषिमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो । "कृषि क्षेत्रमा अझै पनि थुप्रै चुनौती छन्, प्रदेशको कृषि क्षेत्रको स्पष्ट मार्गचित्र के हो भन्नेमा हामी नै अन्यौलमा छौँ", मन्त्री खड्काले भन्नुभयो, "अब आउने आर्थिक वर्षदेखि कृषिको नीति र कार्यक्रममा व्यापार सुधार ल्याउने गरी मन्त्रालयले काम गर्छ, अहिले रहेको कृषिको छ प्रतिशत बजेटलाई पनि बढाउँछौँ ।" समितिका सभापति फणीन्द्र देवकोटाले विज्ञका सुझावलाई ग्रहण गरेर विधेयकलाई थप परिमार्जन गरेर प्रदेशसभामा लगिने बताउनुभयो । उहाँले समितिको आगामी बैठकमा सरोकार भएका पक्षसँग विधेयकबारे छलफल गरिने उल्लेख गर्नुभयो ।

बैठकमा समितिका सदस्य, दिलमाया पौवी, बेदबहादुर गुरुङ, भक्तबहादुर कुँवरलगायतले विधेयकमा समेट्नुपर्ने विषयमा सुझाव राखेका थिए ।

## संघले कानुन नबनाउने, प्रदेशले गाली खानुपर्ने ? : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघले कानुन नबनाउँदा प्रदेशले गाली खानुपरेको बताएका छन् ।

संघ सरकारले बनाउनुपर्ने कानुन निर्माण नहुँदा प्रदेश सररकाले बनाएका कानुन कार्यन्वयनमा पनि समस्या भएको उनले बताए । 'कानुन निर्माणमा माथिबाट सहजिकरण गरिदिनु पर्ने आवश्यकता छ, संघ सरकारले बनाउनुपर्ने कानुन नबनाएको कारण प्रदेश र स्थानीय सरकारले काम गर्न अफ्ठ्यारो परेको छ' प्रदेश बिकास समस्या समाधान समितिको बुधवारको बैठकमा मुख्यमन्त्री पाण्डेले भने ।

निजामती सेवा ऐन, प्रहरी समायोजना ऐन, जग्गा प्राप्ती ऐन, शिक्षा ऐन आउला भन्ने आशा लागेको तर संघ सरकारबाटै यी विषय कार्यान्वयन नभएको गुनासो मुख्यमन्त्री पाण्डेको छ। 'संघियताको नाममा प्रदेशले यो भन्दा बढी गाली खाने अवस्था अब रहँदैन, चाँहदा चाँहदै अधिकार नहुँदा, कानुन नहुँदा काम गर्न सकिएको छैन' उनले भने । यसअघि पोखरामा भएको राष्ट्रिय समस्या समाधान समितिको बैठकमा उठेका विषय केही समाधान भएको र धेरै बाँकी रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले छ महिना भित्र कार्यान्वयन हुनुपर्ने विषय हुन्छ कि भन्ने आशा अझै रहेको बताए । संघ सरकारले कानुन निर्माण गरिदिनुपर्ने या संघियताको बारेमा पुर्नबिचार गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताए । संविधान अनुसार एकल र साझा अधिकारको सुचीमा लेखिएको कुरालाई कानुन बनाएर लिपिवद्ध गरि अधिकार बाँडफाँट गर्दा संघियता 'सिस्टम' मा जाने मुख्यमन्त्री पाण्डेको भनाई छ ।

संघिय सांसदहरुलेपनि प्रदेशलाई बनाईदिनुपर्ने कानुन निर्माणमा संघ सरकारलाई सहजिकरण नगरेको गुनासो उनको छ । प्रदेश बिकास समस्या समाधान समितिको बैठकमा गण्डकी प्रदेश भित्रका विषयगत मन्त्रालयहरुले भोग्नुपरेको समस्या, स्थानीय तहका गुनासो, समाधानका उपाएका बारेमा छलफल भएको थियो । नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर कृष्णचन्द्र देवकोटाले यस अघिको बैठकका निर्णय कार्यान्वयनको अवस्था र मन्त्रालयगत समस्याका बारेमा प्रस्तुतीकरण गरेका थिए ।

## बिजुली नपुगेका घर खोज्दै गण्डकीको ऊर्जा मन्त्रालय

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

पछिल्लो आर्थिक सर्वेक्षणले गण्डकी प्रदेशका दुई हजार आठ सय ८४ घरधुरी मात्र बिजुलीको पहुँचबाहिर रहेको देखाएको थियो । तीमध्ये बागलुङको ढोरपाटन नगरपालिका-६ छेन्तुङका तीन सय ९१ घरमा गत असोजमा सौर्य ऊर्जा जडान गरिएको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । उक्त तथ्याङ्कलाई आधार मान्दा अब गण्डकी प्रदेशका दुई हजार चार सय ९३ घरधुरीमा मात्र बिजुली नपुगेको देखिन्छ ।

मन्त्रालयको ऊर्जा शाखा प्रमुख इन्जिनियर जीवन श्रेष्ठका अनुसार बिजुली नपुगेका घरधुरी पहिचान गरी प्रदेशको शतप्रतिशत जनसङ्ख्यामा विद्युत् सेवा पुर्‍याउने योजनामा मन्त्रालय छ । "बिजुलीको पहुँचबाहिर रहेका शून्य दशमलव पाँच प्रतिशत घरको खोजी तथा पहिचान गरी जतिसक्दो चाँडो विद्युत् सेवा पुर्‍याउँछौँ", उहाँले भन्नुभयो, "केन्द्रीय प्रसारण लाइन विस्तार गर्न नसकिने ठाउँमा सौर्य ऊर्जा जडान भइरहेको छ ।"

अहिलेसम्म बिजुली नै नपुगेका घरधुरी पहिचान गर्न नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग मन्त्रालयले समन्वय गरिरहेको इन्जिनियर श्रेष्ठले बताउनुभयो । तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी रहेको उहाँको भनाइ छ । "अन्यत्र पनि विद्युत् सेवाबाट बञ्चित गाउँ र परिवार हुन सक्छन्, त्यस्ता ठाउँको हामी आफैँले पनि खोजी र अध्ययन गर्दैछौँ", इन्जिनियर


बाँकी अन्तिम पृष्ठमा ▶▶


## परोपकारका लागि चार दिने सामूहिक कला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

नेपाल स्नेही काख संस्थाले असाहय, अनाथ, अशक्त बालबालिका र मानिसको सहायताका लागि चार दिने सामूहिक कला प्रदर्शनी पोखरामा आयोजना गरेको छ ।

प्रमुख आमन्त्रित व्यक्तित्व समाजसेवी अशोक पालिखेले सामूहिक कला प्रदर्शनीको बुधबार उद्घाटन गर्दै कलाका माध्यमबाट परोपकारी काम गर्नु सह्रानीय भएको र पोखरा आफैमा कला नगरी भएकाले कला प्रदर्शनी हुँदा खुशी लागेको बताए । पोखरामा गरिएको कला प्रदर्शनीलाई पाटन अक्कुपन्चर क्लिनिकले सघाएको छ । कला बिक्रीबाट प्राप्त हुने रकमको ५० प्रतिशत नेपाल स्नेही काख संस्थालाई हस्तान्तरण गर्ने कुरा कार्यक्रम संयोजक बिबलसिंह लिम्बुले जनाए । प्रदर्शनीमा काठमाडौँका ११ र पोखराका १२ गरी २३ जना कलाकारले बनाएका ५० कला राखिएका छन् । डि राम पाल्पाली, लेख मगर, मनोज तामाङ, दीपेन्द्रमान बनेपाली, अशुराम खैँजू, रमेश श्रेष्ठ, आकाश गुरुङ, गोपाल दराई, निशान थापा, देवेन गुरुङ, सुष्मा राजभण्डारी, शिव श्रीपाली, बुद्धि गुरुङ, रिक गुरुङ, थमन सुनार, हरेराम जोजिजू, दुर्गा के.सी., किशोर नकर्मी, कान्छाकाजी भाशिमा, रुद्रबहादुर पुन, विपना महर्जन, जुजुकाजी श्रेष्ठ प्रभात, प्रवीन कार्की, प्रद्युम्न श्रेष्ठ, मदन श्रेष्ठका सिर्जना सामूहिक कला प्रदर्शनीमा सजिएका छन् । परोपकारी कामका लागि कोष स्थापना गर्ने उद्धेश्यले जुसरी क्याफे खहरे लेकसाइडमा आयोजित प्रदर्शनी मङ्सिर ३० गतेसम्म चल्ने छ । विहान ११ बजेदेखि साँझ ६ बजेसम्म दर्शकका लागि खुल्ला गरिएको जानकारी पोखराका युवा कलाकार रिक गुरुङले दिएका छन् ।

## तमूवान स्वायत्त प्रदेश घोषणा नभएसम्म संघर्ष गर्ने चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर



तमू समुदायको युवा संस्था तमू युवा ह्युल छोंज धींले पहिचान सहितको तमूवान स्वायत्त प्रदेश घोषणा नभएसम्म संघर्ष गर्ने चेतावनी दिएको छ ।

बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा तमू युवा ह्युल छोंज धींले गण्डकी प्रदेशलाई पहिचान सहितको तमूवान स्वायत्त प्रदेश घोषणा नभएसम्म संघर्ष गर्ने चेतावनी दिएको हो ।

तमू युवा ह्युल छोंज धीं केन्द्रिय समिति काठमाण्डौंको ईलाममा हालै सम्पन्न दोश्रो महाधिवेशनले जारी गरेको १५ बुंदे घोषणा पत्र समेत बुधबार पोखरामा सार्वजनिक गर्दै समितिले आफ्ना गुमेको अधिकार प्राप्ती गर्ने गरी पहिचान सहित प्रशासनीक अधिकारको लागि सघर्ष गर्ने भएको समितिका नवनिर्वाचित अध्यक्ष तोरण गुरुङले बताउनुभयो । परम्परादेखि आफुहरु पिछडिएको दाबी गर्दै उहाँले राज्यका हरेक निकायमा आफुहरुको पहुच हुनु पर्ने, हरेक स्थानीय तह हरुमा त्यस स्थानमा बसोबास गर्ने बहुसंख्यक जातीय जनसंख्याको आधारमा तमु मातृ भाषा पाठ्यक्रम र सरकारी कामकाजको भाषामा तमु भाषा लागू नगर्दा सम्म अनिवार्य लागू गर्न दवाब मुलक संघर्सको कार्यक्रमहरु सन्चालन गर्ने चेतावनी दिनु भयो । तमू युवा ह्युल छोंज धींले गुरुङ राष्ट्रिय परिषदको युवा संस्था तमु युवा ह्यूल छोंज धींले पहिचान सहितको स्वायत्त प्रदेश नभएसम्म संघर्ष जारी राख्ने उक्त अभियानमा आफुहरु पनि एक भयर लाग्ने भएको परिषद गण्डकीका अध्यक्ष दलबहादुर गुरुङले बताउनु भयो । आफुहरुको खोसिएको अधिकार प्राप्तीको लागि अब तमूहरु एक भई अघि बढ्ने त्यसको सुरुवात ल्होसार पर्वबाटै हुने उहाँले उद्घोष गर्नु भयो । "सम्पूर्ण तमू युवाहरु एकजुट होऔं" भन्ने नारा सहित तमू युवा ह्युल छोंज धींले जारी गरेको घोषणा पत्रमा परापूर्व काल देखि मुलरुपमा पश्चिम काली गण्डकी र पूर्व बुढी गण्डकी बिचको भुगोल र त्यस वरपरका भुगोलमा आदिम थलो बनाएर बसेका तमु (गुरुङ) जाति र त्यसका युवाहरुको त्यही भुमिमा तमु भाषा, संस्कृती, साहित्य, तमु ज्ञान सीप, आस्था र परम्पराहरुको उत्पती भैई भिन्न विशिष्ट सांस्कृतिक विरासत कायम रहेकोमा त्यसलाई चीरकाल सम्म निरन्तरता दिन माग गरिएको छ ।

तमु जातिहरुको भाषमा प्रचलित सबै गाउँ, स्थान, नदी-खोला, ताल तलैयहरु जो अहिले खसकरण हुँदै लोप गरिएका नामहरु हरेक प्रशासनिक ईकाईहरुमा पुनः तमु भासामा नै नामाकरण गरि तुरुन्त लागु नगर्दा सम्म दबाव मुलक संघर्सको कार्यक्रमहरु सन्चालन गर्ने छोंज धिंले चेतावनी दिएको छ ।

मातृ सस्था तमु ह्युल छोज धी गुरुङ राष्ट्रिय परिषदको विभिन्न महाधिवेशनमा पारित विधान, प्रस्तुत राजनीतिक, तथा साङाठानिक प्रतिवेदन तथा अग्रजहरुको सल्ल्ह/सुझाव लाई समेत आत्मसाथ जाने भएको घोषणा पत्रमा उल्लेख गरिएको छ । नेपाल र संसार भरि छरिएर रहेको तमु युवाहरुलाई गोलबद्द बनाउदै लोपोन्मुख भाषा, धर्म, संस्कार, संस्कृति र परम्पराको पालाना, संरक्षण र सम्बर्द्धन गर्ने संकल्प गरेको छोंज धिंले सम्पुर्ण उत्पीडित आदिवासी युवाहरुलाई एकता र भतृत्व पुर्ण शहिस्णुताको सुत्रमा गोलवन्द पार्ने अठोट समेत गरेको छ । साथै देशको रक्षार्थ अंग्रेज फौजलाइ परास्त गरि वृक्टिस सम्राज्यवादको उपनिवेस हुनवाट जोगाउन महत्वपुर्ण भुमिका निर्वाह गर्नु हुने शिकारी सरदार बंशु गुरुङलाइ राष्ट्रिय विभुती घोषणा गर्न राज्यलाई दावाव दिने, निकट भबिस्यमा तमुहरुको सबै सस्थाहरुको अनिवार्य एकताको साझा सपना साकार पार्ने विस्वास, संकल्प र अठोट गर्दै अघि बढ्ने भएको अध्यक्ष गुरुङले उल्लेख गर्नु भयो । तमु युवा ह्युल छोज धी "तयुह्यु" लाई समायनुकुल, चलयामान, र गतिशिल बनाउनका लागि यसको सांगठानिक संरचना, लक्ष्य र उद्धेश्य अझ बलियो बनाउने नवनिर्वाचित महासचिव मनराज गुरुङले बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# निशुल्क सैलुन तालिममा युवाको सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

पोखरा महानगर आर्थिक महाशाखा व्यवसाय प्रवर्द्धन केन्द्रको आर्थिक सहयोग एवम् शिशिर व्यूटीपार्लर एण्ड ट्रेडिङ सेन्टर पोखरा १७ को आयोजना बुधबारदेखि ३९० घण्टाको सैलुन(कपाल काट्ने) तालिम शुरु भएको छ । तालिममा महानगरपालिकाका बिभिन्न वडाका दुईजना महिला सहित २० जना युवाको सहभागिता रहेको छ । स्वदेशमै पेशा व्यवसाय गर्ने र सिपका आधारमा विदेश जाने सहभागिको सामुहिक भनाई रहेको छ ।

पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले तालिमको उद्घाटन गर्दै सिकेको ज्ञान र सिपको भरपुर उपयोग गरि व्यवसायि एवम् स्वरोजगार बन्न सहभागिलाई आग्रह गर्नुभयो ।

स्वदेश होस वा विदेशमा दक्ष जनशक्ति वेरोजगार वस्नु नपर्ने हुँदा महानगरले सिपमूलक तालिम सञ्चालन गर्दै आएको बताउँदै उहाँले तालिममा प्रत्येक घण्टाको महत्व हुने हुँदा त्यसमा सहभागि र प्रशिक्षक सचेत रहनु पर्ने आवश्यकता औल्याउनुभयो। पोखरा महानगरपालिका आर्थिक



महाशाखा व्यापार प्रवर्द्धन केन्द्र प्रमुख नवराज अधिकारीले सिप प्रमाणपत्रका आधारमा महानगरले दुई देखि पाँच लाखसम्म विनाधितो ऋण प्रदान गर्दै आएको जानकारी दिनुभयो । २०७९ पुस महिनादेखि कार्यविधि निर्माण गरेर शुरु गरेको व्यवसायिक एवम् रोजगार कार्यक्रम अन्तर्गत महानगरले ३०७ जनालाई तालिम प्रदान गरि विनाधितो साता करोड ५० लाख लागनी गरेको उहाँको भनाई छ । उहाँका अनुसार तालिम प्राप्त युवाहरुले विशेष गरि कफिसप, कृषि, टिसुपेपर, आइटी ,नौमती बाजा, बालबालिका सहजकर्ता, सैलुन सञ्चालन, मोटरसाईकल, ट्र्याक्टर मर्मत लगायत बिभिन्न १३ विधामा तालीम सञ्चालन गरि ऋण लगानी गर्ने योजना रहेको छ । पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाका अनुसार कृषकका लागि सरकारी स्तरबाट अनुदानमा वितरण गरिएका हाते ट्र्याक्टर मर्मत एवम् सञ्चालन गरेर प्रवर्द्धन केन्द्रबाट उत्पादिन जनशक्ति स्वरोजगार भई कृषि पेशामा लाग्न समेत प्रेरित गर्दै आएको बताउनुभयो ।

राइट फर चिल्ड्रेन कार्यक्रम संयोजक पशुपति चौधरीले तालिमको महत्व माथि प्रकाश पार्नुभएको कार्यक्रममा व्यूटी सैलुनका प्रोपाईटर विजेन क्षेत्री र शिशिर व्यूटीपार्लर एण्ड ट्रेडिङ सेन्टर पोखरा १७ का शिशिर गोदार कपाल काट्ने, फेवास, थ्रेडिङ, फिसिल लगायत विभिन्न विधामा प्रशिक्षण दिनुहुने कार्यक्रम रहेको महानगर प्रवर्द्धन केन्द्रका सिर्जना वस्ताकोटीले जानकारी दिनुभयो ।

# बिजुली ...

श्रेष्ठले भन्नुभयो । प्रदेशभित्रका ९९ दशमलव ५० प्रतिशत घरमा विद्युत् सेवा पुगिसकेको र बाँकी घरधुरीमा यथाशक्य छिटो बिजुली पुर्‍याएर ‘ उज्यालो गण्डकी प्रदेश’ घोषणा गर्ने प्रदेश सरकारको तयारी छ। प्रदेश स्थापनापछि विसं २०७४ मा गठित प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा सबै घरमा बिजुली पुर्‍याउने निर्णय गरेको थियो। बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको ‘उज्यालो गण्डकी प्रदेश’को लक्ष्य यसै वर्ष पूरा हुने मन्त्रालयले जनाएको छ । सरकारको चालु आव २०८०/८१ को नीति तथा कार्यक्रमले पनि उक्त लक्ष्यलाई समेटेको छ । मन्त्रालयका प्रवक्ता हरिदत्त पौडेलले विद्युतीकरण हुन बाँकी नवलपुर र तनहुँका केही ठाउँमा राष्ट्रिय प्रसारण लाइन विस्तारको काम भइरहेको बताउनुभयो । “राष्ट्रिय प्रसारण लाइन पुर्‍याउन नसिकने ठाउँमा लघुजलविद्युत् र सौर्य उर्जा प्रविधि जडानको काम भइरहेको छ”, उहाँले भन्नुभयो, “छुटेका घरधुरीमा दुई महिनाभित्रैमा विद्युतीकरण गर्न सकियो भने आगामी फागुन ४ मा पर्ने प्रदेश स्थापना दिवसमा ‘उज्यालो गण्डकी प्रदेश’ घोषणा गर्ने मन्त्रालयको तयारी छ ।” सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सूचित गरेको प्रवक्ता पौडेलले बताउनुभयो ।

# पराजुली र काफ्लेलाई विभागीय छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

पृथ्वीनारायण क्याम्पस नेपाली विभागद्वारा सञ्चालित छात्रवृत्ति तारानाथ पराजुली र विष्णुप्रसाद काफ्लेले प्राप्त गर्न सफल भएका छन् । स्नातकोत्तर तहका छात्रछात्राको प्रोत्साहनका लागि विभागको पहलमा स्थापित र सञ्चालित छात्रवृत्ति बुधवार पोखरामा आयोजित एक समारोहबीच प्रदान गरिएको हो ।

शालिग्राम-कृष्ण पौडेल छात्रवृत्ति बिहादी गाउँपालिका-२ पर्वतका तारानाथ पराजुलीले प्राप्त गरे भने सीता-तीर्थ अधिकारी छात्रवृत्ति शुक्लागण्डकी नगरपालिका १० तनहुँका विष्णुप्रसाद काफ्लेले प्राप्त गर्न सफल भए ।

छात्रवृत्ति प्राप्त गर्न सफल छात्रद्वयलाई सहायक क्याम्पस प्रमुख मीनराज लम्साल, विभागीय प्रमुख डा. यमनाथ तिमिल्सना, पूर्व विभागीय प्रमुख प्रा.डा. कुसुमाकर न्यौपाने, छात्रवृत्ति कोषका संस्थापक कृष्णप्रसाद पौडेल र पत्रकार असफल गौतमलगायतले संयुक्तरुपमा प्रदान गरे । सहायक क्याम्पस प्रमुख मीनराज लम्सालले विभागले सञ्चालन गर्ने यस्ता छात्रवृत्तिले सिङ्गो क्याम्पसलाई मजबुद बनाउन सहयोग गर्ने



बताए । छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थी र स्थापना गर्ने संस्थापकलाई आभार व्यक्त गर्दै प्रमुख लम्सालले वर्तमानमा अध्ययनका लागि संकाय र विषयलाई लिएर हुने कुरा भन्दा विद्यार्थीको क्षमताले अध्ययनको क्षेत्र निर्धारणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै त्रि.वि प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस एकाइ सभापति डा. लक्ष्मीशरण अधिकारीले त्रि.वि.ले पछिल्लो अन्य विषयमा स्नातक पूरा गरेका विद्यार्थीलाई पनि स्नातकोत्तरमा भर्ना सञ्चालन गर्नु सराहनीय विषय रहेको बताए । शालिग्राम-कृष्णपौडेल छात्रवृत्तिका संस्थापक कृष्णप्रसाद पौडेलले आफ्नो जीवनलाई सार्थक तुल्याउन बुबाको योगदानको स्मरणका लागि र पहिला विभागीय प्रमुख भएर सेवा गरेको ठाउँमा केही गरौं भनेर छात्रवृत्ति स्थापना गरेको बताए । सीता-तीर्थ अधिकारी छात्रवृत्तिका बारेमा प्रकाश पार्दै असफल गौतमले मुक्तकमणि तीर्थराज अधिकारी नेपाल सरकारको उपसचिवबाट सेवा निवृत्तपछि राज्यबाट प्राप्त निवृत्तिभरणको रकम नेपाली वाङ्मयको श्रीवृद्धि र शिक्षा क्षेत्रमा लगाउँदाको एउटा निरन्तरता सीता-तीर्थ छात्रवृत्ति रहेको बताए ।

नेपाली विभागका विभागीय प्रमुख डा. यमनाथ तिमिल्सिनाले विभागलाई अगाडि बढाउन हिजो साथ र सहयोग गर्ने सम्पूर्ण मनकारीलाई आभार व्यक्त गर्दै त्यो साथ र सद्भावलाई निरन्तरता दिन आग्रह गरे । विभागीय सदस्य डा. पुण्यप्रसाद शर्माले विभागद्वारा सञ्चालित छात्रवृत्तिले नेपाली विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन र हौसला मिल्ने बताए ।

विद्यार्थी तारानाथ पराजुलीले हिजो संस्कृत पृष्ठभूमिबाट आएर नेपाली विषय पढेर मैले साच्चै राम्रो विषय अध्ययन गरेको रहेछु भन्ने अनुभूति आज भएको बताए । अर्का विद्यार्थी विष्णुप्रसाद काफ्ले आफूले पढेको क्याम्पसमा पुरस्कृत हुन पाउँदा गौरवबोध हुनुका साथै आगामी दिनमा थप जिम्मेवारी प्राप्त भएको धारणा राखे ।

# डा. आचार्य, शर्मा र बास्तोलालाई पत्रकारिता वृत्ति सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

पूर्वसांसद तथा उद्योगपति स्व. सूर्यबहादुर केसीका परिवारवाट स्थापित कृति स्मृति पत्रकारिता वृत्ति सम्मान ३ जना पत्रकारलाई प्रदान गरिने भएको छ ।

कास्की शाखाले सञ्चालन गरेको पत्रकारिता वृत्ति सम्मानबाट पत्रकार डा. सुरेश आचार्य, माधव शर्मा र कृष्णप्रसाद बास्तोला सम्मानित हुने भएका हुन् । नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित कृति स्मृति पत्रकारिता वृत्ति सम्मान २०७७ बाट पत्रकार महासंघका पूर्वअध्यक्ष आचार्यलाई सम्मान गर्न लागिएको हो । सोही सम्मान २०७८ बाट प्रेस स्वतन्त्रता सेनानी तथा कास्की शाखाका पूर्वअध्यक्ष माधव शर्मा र २०७९ बाट कास्की शाखाकै पूर्वअध्यक्ष कृष्ण प्रसाद बास्तोलालाई सम्मान गरिने भएको हो ।

यस्तै, महासंघले सञ्चालन गरेको आर्थिक पत्रकारिता पुरस्कारबाट टंक अधिकारी र दिनानाथ बराल पुरस्कृत हुने भएका छन् । सो पुरस्कारको २०७८ बाट राष्ट्रिय समाचार पत्रमा कार्यरत अधिकारी र २०७९ बाट कारोबार दैनिकमा कार्यरत बराल पुरस्कृत हुन लागेको महासंघ कास्कीका सचिव माधव बरालले जानकारी दिए । पुरस्कारको राशी नगद २० हजार, दोशल्ला र सम्मान पत्र रहेको छ । उनीहरुलाई आगामी पुस ४ गते पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापती शेरबहादुर देउवाको उपस्थितीमा सम्मान गरिने महासंघ कास्की अध्यक्ष विमला भण्डारीले जानकारी दिइन् ।





## बालविवाह सामाजिक र कानूनी अपराध हो

◆ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
◆ उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
◆ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# काङग्रेसको गुट भेला

नेपाली कांग्रेसको संस्थापन इतर समूहमा रहेका नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाले आफूहरुबीच कुनै समस्या नभएको प्रस्ट पारेका छन् । कांग्रेस संस्थापन इतर समूहमा नेता डाक्टर शेखर कोइराला र महामन्त्री गगन थापाबीच विवाद रहेको थियो।बत्तीसपुतलीस्थित अनुपम फूडल्याण्डमा बसेको इतर पक्षको भेलामा नेताहरुले पछिल्लो समय भएको विमतिको विषयमा प्रश्न उठेका थिए । प्रश्न उठाएपछि उनीहरुले कुनै समस्या नभएको स्पष्टीकरण दिएर विमतिलाई खेल्ने ठाउँ दिएका छन।दुई नेताको समझदारीमा पैदा ल्याउने कामले कसको हित गर्छ? सोचनीय विषय हो ।

बैठकपछि नेता कोइरालाले आफ्नो समूह ठीक ढंगले चलेको दाबी गरे । एजेण्डाको सवालमा महामन्त्री थापासँग कुनै फरक नभएको प्रस्ट पारे ।‘ गगनजी र मसँग कुनै डिफेरेन्सेस थिएन । डिफेरेन्सेस हुने एजेण्डामा होइन, केहीमा पनि छैन । एजेण्डाको सवालमा महामन्त्रीजीसँग मेरो केही पनि फरक छैन । एक इन्च पनि फरक छैन । उहाँको उमेर र सोचाइ मसँग फरक छ । त्यो स्वाभाविक हो । त्यसले मात्रै हो । एजेण्डामा कुनै समस्या छैन ।’ महामन्त्री थापाले पनि आफूहरुबीच एजेण्डागत रुपमा कुनै समस्या नभएको बताए ।

दुई नेता, बीचमा कम छलफल गर्दा समस्या देखिएका हुन् । मूलभूत रुपमा हामी सबै एकै ठाउँमा छौं । बैठकमा दुई नेताबीच आएको खटपटबारे प्रश्न उठेको थियो।जुन जायज पनि छ । गुटगत भेला नगरी सबैपक्षलाई ‘हाम्रो गुटभित्र पनि समस्या भए । शेखर दाइ र गगनजीको बीचमा समस्या आएको सुनियो । यो लुकाएर पनि हुँदैन । आमसाथीहरुले १४औं महाधिवेशनमा हामी सँगै लडेका थियौं । ती साथीहरुले अब अरु जुटाउने हो । त्यो फुटाउने होइन । शेखर कोइरालाविनाको यो समूह र गगन थापाबीचको यो समूह अपूरो हुन्छ भन्ने धारणा राखेका छौं ।’

कोशीमा शेखरले एकलौटी रूपमा विद्रोह गरेर एमालेसँग मिलेर सरकार बनाएपछि गगनसँग दूरी बढेको थियो । तर, गगनका ससुरासमेत रहेका नेता अर्जुननरसिंह केसीले मध्यस्थकर्ताको भूमिका खेलेपछि दुई नेता एकै ठाउँमा आएका छन् । लामो समयपछि नेता केसीकै घरमा दुई नेताबीच तीन घण्टा लामो वार्ता भएपछि एकै ठाउँमा बस्ने वातावरण बनेको हो ।काङ्गेस दुई गुट बीचमा फरक देखाउन गरिएको नाटकले पार्टीलाई मोर्चा बनाएको छ। पार्टीलाई विधि अनुसार चलाउने होभए गुट भेला गरेर दबाब दिनु पर्दैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लिटिल स्टेपमा खेलकुद सप्ताह सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर



लिटिल स्टेप माध्यमिक विद्यालय, सिमलचौर - ८, पोमनपामा बुधबारदेखि कक्षा ११ र १२ मा अध्ययनरत विज्ञान, वाणिज्य तथा होटल व्यवस्थापन सङ्कायका विद्यार्थीहरूबिच प्रतिष्पर्धात्मक ‘खेलकुद सप्ताह’ सुरु भएको छ।

विद्यालयका संस्थापक एवम् व्यवस्थापन समिति पूर्व अध्यक्ष शेरबहादुर गुरुङ तथा संस्थापक प्राचार्य पम्फा गुरुङद्वारा सि. ए. ओ. अनिलकुमार अर्याल एवम् अध्यापनरत शिक्षक गणको समुपस्थितिमा समुद्घाटित उक्त अनौपचारिक कार्यक्रममा बल हस्तान्तरणपश्चात विभिन्न खेल आरम्भ भए। भलिबल, टेबल टेनिस, बास्केटवल र रस्साकस्सी जस्ता खेलका प्रतिष्पर्धा हुने खेलकुद सप्ताह लगातार ३ दिन चल्ने र २९ गते शुक्रबार फाइनल चरणका खेलहरू सम्पन्न भई समापन हुनेछ।

# कास्की जिल्ला स्तरिय कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

जिल्ला समन्वय समिति कास्की र राष्ट्रिय बाल अधिकार परिषदको आयोजनामा बालबालबालिका सम्बन्धि ऐन २०७५ कार्यान्वयन सम्बन्धमा कास्की जिल्ला स्तरिय एक दिने कार्यशाला पोखरामा सम्पन्न भएको छ।

कार्यशालाको जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो । पौडेलले बालबालबालिका सम्बन्धि ऐन २०७५ कार्यान्वयनमा हरतरहले लाग्दै पूर्ण कार्यान्वयन गर्न कास्कीका सबै पालिकाहरूलाइ आग्रह गर्नुभयो । बाल अधिकारको कार्यान्वयनको बिषय कास्कीमा गम्भीर र जटिल हुदै गएको बिभिन्न अध्ययनले देखाएको हुँदा अबका कार्यक्रम बालमैत्री पालिका बनाउने गरि निर्माण गर्न आग्रह गर्दै पौडेलले सो क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी निकाय थप जिम्मेवार बन्नुपर्ने बताउनु भयो । राष्ट्रिय बाल अधिकार परिषद गण्डकीका समन्वय अधिकारी बद्री वाग्लेले गण्डकी प्रदेशमा बालबालबालिका सम्बन्धि ऐन २०७५ कार्यान्वयनमा देखिएका चुनौती र भाबी रणनीतिका सम्बन्धमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा कास्कीका सबै पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख कार्यकारी अधिकृत सहित बाल अधिकार सम्बन्धि फोकल पर्सनहरू सहितका सरोकारवालाहरूको उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# सुरक्षित बसोबासका लागि ‘जोखिम संवेदनशील भू-उपयोग योजना’

**पोखरापत्र संवाददाता**
वालिङ, २७ मंसिर

स्याङ्जाको वालिङ नगरपालिकाले सुरक्षित बसोबासलाई प्रोत्साहन गर्न ‘ जोखिम संवेदनशील भू-उपयोग योजना’ निर्माण गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास परियोजना (युएनडिपी)को प्राविधिक सहयोगमा विषय विज्ञहरूद्वारा नगरपालिकाका १४ वटै वडामा पुगेर यन्त्र तथा उपकरणको प्रयोग गरी प्रतिवेदन निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गरेको हो।

नगरभित्रको भूमिको बनोट, प्रयोग क्षमता, भूगोलको जोखिम संवेदनशीलतालगायतविषयलाईध्यानमा राखेर गत वर्ष माघदेखि सम्बन्धित ठाउँमै पुगेर अध्ययनबाट प्राप्त प्रतिवेदन नगरपालिकालाई हस्तान्तरण गरिएको जोखिम विज्ञका रूपमा रहनुभएका निरोज तिमिल्सिनाले बताउनुभयो।

“अध्ययनका क्रममा पछिल्लो १० वर्षमा ८६ प्रतिशत पहिरो अव्यवस्थितरूपमा खनिएका सडकका कारण गएको पाइएको छ”, उहाँले भन्नुभयो, “जमिनको अध्ययन गरी बाढी, पहिरो, भूक्षयलगायत प्रकोप हुनसक्ने सम्भावित ठाउँ पहिचान गरिएको छ ।” विषम भौगोलिक अवस्था, जटिल भौगर्भिक बनोट, अति भिरालोपनका साथसाथै यत्रतत्र खनिएका बाटाघाटा तथा अव्यवस्थितरूपमा बढ्दै गएको बस्ती विकासका कारण जोखिम बढ्दै गएको छ। विपद्‌लाई विचार नगरी भविष्यमा गरिने विकासले ठूलो धनजनको क्षति हुने र लगानीको जोखिम पनि बढाउँछ। यसले विकास प्रक्रियामा अप्ठ्यारो पार्ने तिमिल्सिनाले बताउनुभयो। नगरपालिकाले बहुप्रकोपीय जोखिमको न्यूनीकरण गर्दै सुरक्षित र नियोजित भू-उपयोगमार्फत अधिकतम लाभ प्राप्त गर्नुपर्ने उहाँ बताउनुहुन्छ। वालिङ नगरपालिकामा विभिन्न प्रकोपबाट भएका क्षतिको अध्ययन विश्लेषण गरी प्रकोपको प्राथमिकीकरण गर्ने, प्रकोप जोखिम सम्भाव्यताको आकलन गर्ने र जोखिमको स्तरअनुसार प्रकोप जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्साङ्कन गर्ने उद्देश्यले जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरिएको तिमिल्सिनाले बताउनुभयो।


## सिलबन्दी बोलपत्र आह्वानको सूचना ।।।

**प्रथम पटक प्रकाशित मिति २०८०/०८/२८**

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय पोखरा–९, कास्कीको नयाँ कार्यालयको डेकोरेशन निर्माण कार्यको लागि योग्य दर्ता फर्म/कम्पनी/ठेकेदार/आपूर्तिकर्ताहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।**

**नियम तथा सर्तहरूः**

१. कार्यालयको आवश्यकता अनुसार लागू हुने कामहरूमा मुख्यतया सिभिल वर्क, फर्निचर वर्क, एयर कन्डिसन वर्क, मेटल वर्क, इलेक्ट्रिफिकेशन/कम्युनिकेशन वर्क, सेनेटरी/प्लम्बिङ वर्क, एयर कन्डिसनर वर्क आदि समावेश गरिएकोछ।
२. निर्माण कार्य संस्थाले उपलब्ध गराएको इन्टेरियर आर्किटेक र नक्सा बमोजिम हुनेछ।
३. बोलपत्र कागजातहरू फिर्ता नहुने गरि शुल्क रु. ५०००/– (नेपाली रुपैयाँ पाँच हजार मात्र) तिरेर खरिद गर्न सकिनेछ र उक्त शुल्क जम्मा गरेको सक्कल नगद भौचर बोलपत्र फारमका साथ पेश गर्नुपर्नेछ।
४. फर्म/कम्पनी दर्ता, PAN/VAT, कर क्लियरेन्स प्रमाणपत्र आदिको नवीकरण प्रतिलिपिहरू सहित बोलपत्र कागजातहरू पेश गर्नुपर्नेछ।
५. सम्पूर्ण बिडिङ कागजातहरू तथा प्रमाणपत्रहरूका सबै पृष्ठहरूमा स्वंम प्रमाणित गर्नुपर्नेछ।
६. बोलपत्र पेश गर्ने व्यक्ति फरक भएमा वा कम्पनीको तर्फवाट प्रतिनिधि खटिएको खण्डमा उक्त व्यक्तिलाई कम्पनीको आधिकारिक पत्र सहित निर्णय र अख्तियारी प्रदान गरेको कागजातको साथ पेश गर्नुपर्नेछ।
७. आवश्यक कागजातहरू पेश नभएको पाइएमा र माथि उल्लेखित अनिवार्य आवश्यक कागजातहरू नभएका प्रस्तावहरू अयोग्य हुनेछन्।
८. बोलपत्र कागजात ४ पौष २०८० दिनको ३ बजेभित्र सहकारी संस्थाको कार्यालय पोखरा–९ मा पेश गर्नु पर्नेछ।
९. बोलपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेको खण्डमा पेश गर्ने अन्तिम मितिको अर्को कार्य दिनमा पेश गर्न सकिनेछ। म्याद पछि प्राप्त कागजातहरू स्वीकार गरिने छैन।
१०. सहकारी तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा ५ पौष २०८०, बिहान ११:०० बजे बोलपत्र कागजात खोलिनेछ। तर, बोलपत्र कागजात खोल्नका लागि बोलपत्रदाताका प्रतिनिधिहरु नभएमा पनि बोलपत्र खोल्न संस्थालाई कुनै वाधा पर्ने छैन्।
११. कुनै कारण नजनाई कुनै वा सबै बोलपत्रहरूलाई पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार सहकारी संस्थासँग सुरक्षित हुनेछ।


# व्यापार मेलामा सांगीतिक कार्यक्रमको रौनक बढ्दै



**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

पोखराको नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला उत्कर्षतिर अगाडि बढेको छ । मंसिर २१ गतेबाट सुरु भएको मेला अगाडि बढ्दै जाँदा सहभागिता र कारोबारमा वृद्धि हुँदै गएको आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघले जिकिर गरेको छ।

‘उत्पादक र उपभोक्तालाई एउटै थलोमा भेट गराउने र उद्यमशीलता सिकाउने उद्धेश्यमा समर्पित मेलाले आफ्नो लक्ष्य प्राप्ति गर्दैछ,’ संघका अध्यक्ष पवनकुमारप्रजापतिले भने,‘मेलामा हालसम्म भएको सहभागिताले हामी उत्साहित छौं ।’उनले बिहीबारदेखि अवलोकनकर्ता अझै बढ्ने अनुमान लगाए।

संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले मेलामा रहेका स्टलहरु हेर्नै र भएका प्रदर्शनीहरु बुझ्नैपर्ने खालका भएको जिकिर गरे। औद्योगिक क्षेत्रका उद्योगहरु, नेपालमै बनेका सामानहरुको पेभेलियन र हस्तकलाका स्टलहरुको उदाहरण दिँदै उनले भने,‘हामीले प्रदर्शनीमा सवै कुरा मिलाएर राखेका छौं। यहाँ आएपछि मुख खुम्च्याउनुपर्ने अवस्था छैन। घरायसी सामानहरुमा विशेष छुट त छँदैछ ।’ संघका महासचिव बलराम आचार्यले मेला अगाडि बढ्दै जाँदा मनोरञ्जनका लागि राखिएको सांगीतिक कार्यक्रम पनि उत्कर्षमा पुगेको बताए। बुधबार चर्चित गायक पशुपति शर्मा,नेत्र खड्का, शंकरविरही गुरुङ,सुनिता परियार,बसन्ती थापा,पार्वती गुरुङसहित रचना रिमालको प्रस्तुति बेजोड रहेको उनले जिकिर गरे। बिहीबशार चर्चित लोकगायक राजु परियार,तारापति सुवेदी,रामजी पौडेल, केशव देवकोटा,सरस्वती लामिछाने, नविना सुवेदी, सुनिता नेपालीको प्रस्तुति रहने छ भने राजेन्द्र नेपाली र युवराज भण्डारीले दर्शकलाई हसाउँनेछन्। त्यस्तै डेविडशंकरको प्रस्तुति पनि आकर्षणको विषय रहेको उनले बताए। मेलामा समावेश विद्यालयस्तरीय एकल नृत्य प्रतियोगिताको एक चरण सकिएको र सामूहिक नृत्यमा प्रवेश गरेको एवं रत्यौली प्रतियोगिता पनि जारी रहेको संघका कार्यसमिति सदस्य प्रेमप्रसाद सुवेदीले जानकारी दिए। उनका अनुसार विद्यालयस्तरीय एकल नृत्यको फाइनल मंसिर ३० गते हुनेछ। एकल नृत्यमा कञ्चनजङ्गा विद्यालयकी स्वस्तिका गुरुङ, सिद्धार्थ लभडेलकी-मविना पण्डित, कास्की मोडनाइज्डकी अनुश्चा गुरुङ, त्रिवेणी पब्लिककी यसोदा रोका, पुर्णिमा कला केन्द्रकी विपना गर्वुजा, जनप्रिय मावि,विभूति शिक्षा सदन, बालकल्याण हाइस्कूल, अल्फा एकेडेमी, तालबाराही मावि, पूर्णिमा कला केन्द्र,प्रसुन गुरुङ, भास्कर मेमोरियल स्कूल, शिशुकल्याण,पूर्णिमा कला केन्द्र, एसके डान्सबाट प्रिन्सेस सुनार, प्रनिता गुरुङ, पूर्णिमा कला केन्द्र, हिलसाइड स्कूल, निश्चल डान्स स्कूलकी सलिना गुरुङ, रुक्सना सुनार र प्रमिना खत्री, हिमाञचल बोर्डिङ स्कुलकी सदिक्षा तामाङ,एसके डान्सकी प्रज्ञा तामाङ, रचना सुनार,गीता विक, युना पुन, दिप्ती गुरुङ,शान्ति निकेतन मावि , एक्स आर्मी स्कूल,बड्स एकेडेमी,वीरेन्द्र मेमोरियललगायतका कलाकारले सहभागिता जनाएको उनले बताए।

# परोपकारका लागि चार दिने सामूहिक कला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

नेपाल स्नेही काख संस्थाले असाहय, अनाथ, अशक्त बालबालिका र मानिसको सहायताका लागि चार दिने सामूहिक कला प्रदर्शनी पोखरामा आयोजना गरेको छ।

प्रमुख आमन्त्रित व्यक्तित्व समाजसेवी अशोक पालिखेले सामूहिक कला प्रदर्शनीको बुधबार उद्घाटन गर्दै कलाका माध्यमबाट परोपकारी काम गर्नु सह्रानीय भएको र पोखरा आफैमा कला नगरी भएकाले कला प्रदर्शनी हुँदा खुशी लागेको बताए। पोखरामा गरिएको कला प्रदर्शनीलाई पाटन अक्कुपन्चर क्लिनिकले सघाएको छ। कला बिक्रीबाट प्राप्त हुने रकमको ५० प्रतिशत नेपाल स्नेही काख संस्थालाई हस्तान्तरण गर्ने कुरा कार्यक्रम संयोजक बिबलसिंह लिम्बुले जनाए। प्रदर्शनीमा काठमाडौंका ११ र पोखराका १२ गरी २३ जना कलाकारले बनाएका ५० कला राखिएका छन्।

डि राम पाल्पाली, लेख मगर, मनोज तामाङ, दीपेन्द्रमान बनेपाली, अशुराम खैँजू, रमेश श्रेष्ठ, आकाश गुरुङ, गोपाल दराई, निशान थापा, देवेन गुरुङ, सुष्मा राजभण्डारी, शिव श्रीपाली, बुद्धि गुरुङ, रिक गुरुङ, थमन सुनार, हरेराम जोजिजू, दुर्गा के.सी., किशोर नकर्मी, कान्छाकाजी भाशिमा, रुद्रबहादुर पुन, विपना महर्जन, जुजुकाजी श्रेष्ठ प्रभात, प्रवीन कार्की, प्रद्युम्न श्रेष्ठ, मदन श्रेष्ठका सिर्जना सामूहिक कला प्रदर्शनीमा सजिएका छन्।

परोपकारी कामका लागि कोष स्थापना गर्ने उद्धेश्यले जुसरी क्याफे खहरे लेकसाइडमा आयोजित प्रदर्शनी मङ्सिर ३० गतेसम्म चल्ने छ। विहान ११ बजेदेखि साँझ ६ बजेसम्म दर्शकका लागि खुल्ला गरिएको जानकारी पोखराका युवा कलाकार रिक गुरुङले दिएका छन्।

